नेपाल सरकार

युवा, श्रम तथा रोजगार मन्त्रालय

## रोजगार कार्यक्रम व्यवस्थापन शाखा

सिंहदरबार, काठमाडौं

प.सं. :- ०८३/८४
च.नं. :- रो.का.व्य.शा.//७२

नेपाल सरकार
युवा, श्रम तथा रोजगार मन्त्रालय
सिंहदरबार, काठमाडौं

मिति :- वि.सं. २०८३/०५/१६
ने.स. :- ११४६ गुंलागा,४ मङ्गलवार

विषयः आ.व. २०८३/०८४ का लागि राष्ट्रिय रोजगार प्रवर्द्धन कार्यक्रमको बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी मार्गदर्शन।

श्री स्थानीय तहहरु,
सबै।

आर्थिक वर्ष २०८३/०८४ मा राष्ट्रिय रोजगार प्रवर्द्धन कार्यक्रम कार्यान्वयनका लागि तहाँ स्थानीय तहमा सशर्त अनुदान वित्तीय हस्तान्तरणमार्फत प्राप्त भएको वेहोरा विदितै छ। अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ उपदफा (२) बमोजिम देहायका शर्तको अधीनमा रही बजेट तथा कार्यक्रम कार्यान्वयन गर्न नेपाल सरकार (सचिवस्तर) मिति २०८३।०५।०९ गतेको निर्णयानुसार अनुरोध छ।
साथै, मार्गदर्शन यसै पत्रसाथ संलग्न गरी पठाइएको व्यहोरा अनुरोध छ।

प्रमाणित डिजिटल हस्ताक्षर गर्ने व्यक्ति
Nabaraj Subedi
nabinsubedi224@gmail.com

(नवराज सुवेदी)
शाखा अधिकृत

बोधार्थः
श्री अर्थ मन्त्रालय , सिंहदरबार, काठमाण्डौ, बजेट तथा कार्यक्रम महाशाखा ।
श्री महालेखा नियन्त्रक कार्यालय, अनामनगर, काठमाडौं ।
श्री नीति, योजना तथा वहुपक्षीय समन्वयन शाखा ।
(युवा, श्रम तथा रोजगार मन्त्रालय, सिंहदरवार, काठमाडौं)

# आर्थिक वर्ष २०८३/०८४ को बजेट तथा कार्यक्रम कार्यान्वयनका लागि मार्गदर्शन

## (क) श्रोतको विवरण:-

(१) अनुदान रकम देहायको स्रोतबाट उपलब्ध गराईएको छः-

१.१. बजेट उपशिर्षक नं. ३७१००१०२ अन्तर्गत नेपाल सरकारको नगद अनुदान तर्फबाट सञ्चालित राष्ट्रिय रोजगार प्रवर्द्धन कार्यक्रम।

## (ख) बजेट तथा योजना तर्जुमा प्रक्रिया र कार्यान्वयन:

(१) बजेट तथा कार्यक्रम कार्यान्वयन गर्न "राष्ट्रिय योजना आयोगबाट प्रकाशित "स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७८" अनुसार बजेट तथा योजना तर्जुमा गरी कार्यान्वयन गर्नु पर्नेछ। आयोजना कार्यान्वयन गर्दा स्थानीय तहको उत्पादन सम्भाव्यता र प्रतिस्पर्धात्मक लाभका क्षेत्रहरुको पहिचान गरी आर्थिक वृद्धिको उत्तम सम्भावना भएका क्षेत्रमा उत्पादनशील रोजगारी सिर्जना हुने गरी परिचालन गर्नुपर्नेछ।

(२) ब.उ.शि.नं. ३७१००१०२ अन्तर्गत विनियोजन भएको बजेटमा स्थानीय तहबाट शत् प्रतिशत साझेदारी गरी कार्यक्रम तथा आयोजना सञ्चालन गर्नु पर्नेछ। यसरी सञ्चालन हुने आयोजना तथा कार्यक्रमको लागि बजेट साझेदारी, कार्यक्रम साझेदारी, संघ र प्रदेश सरकारबाट वित्तीय हस्तान्तरण भई कार्यान्वयन हुने योजना तथा कार्यक्रमबीच समेत साझेदारी गरी एकीकृत रुपमा सञ्चालन गर्न सकिनेछ।

(३) आयोजना तथा कार्यक्रम प्रभावकारी रुपमा कार्यान्वयन गर्न स्थानीय तहले शत् प्रतिशतभन्दा बढी बजेट समेत परिचालन गर्न सक्नेछ।

## (ग) आयोजना सञ्चालनका प्राथमिकताका क्षेत्रहरु:

(१) आयोजना कार्यान्वयन गर्दा दिगो तथा उत्पादनशील रोजगारी सिर्जना हुने तथा कृषि उत्पादकत्व वृद्धि गरी आयात प्रतिस्थापनमा सहयोग हुने किसिमका कृषि आयोजनाहरु लगायत देहायका क्षेत्रमा आयोजना सञ्चालनमा प्राथमिकता दिनु पर्नेछः-

सचिव

१.१ कृषि तथा पशु विकास, सामूहिक तथा सहकारी खेती, व्यवसायिक खेती (लसुन, आलस, कफी, चिया, अलैंची, अदुवा, बेसार आदि) तथा पशुपालन, कृषि उपज संकलन तथा बिक्री केन्द्र निर्माण (यस सम्बन्धमा मन्त्रालयले आवश्यक पर्ने प्रविधिक सहायता उपलब्ध गराउन सहजीकरण गर्न सक्नेछ)।

१.२ अन्य सार्वजनिक पूर्वाधार निर्माण तथा मर्मतका क्षेत्र र स्थानीय रोजगार, सीप तथा उद्यमशीलता सम्बन्धी उपयुक्तताका क्षेत्रहरु।

(२) रोजगारी सिर्जना अन्तर्गत विनियोजित बजेटलाई राष्ट्रिय रोजगार प्रवर्द्धन कार्यक्रम (सञ्चालन तथा व्यवस्थापन) निर्देशिका, २०८२ को दफा १९ र रोजगार, सीप तथा उद्यमशीलता सम्बन्धी एकीकृत सेवा प्रवाह कार्यविधि,२०८३ को दफा १३ बमोजिमको कार्यक्रम सञ्चालन गर्नुपर्नेछ।

(३) न्यूनतम रोजगारी उपलब्ध गराउनको लागि खटाइएका सूचीकृत बेरोजगार श्रमिकहरुलाई नेपाल सरकार, युवा, श्रम तथा रोजगार मन्त्रालयले श्रम ऐन, २०७४ को दफा १०६ बमोजिम निर्धारण गरेको न्यूनतम पारिश्रमिक रकमभन्दा कम नहुने गरी उपलब्ध गराउनुपर्नेछ।

(४) स्थानीय तहहरुको वित्तीय संलग्नतामा नमूना रोजगार सेवा केन्द्र सञ्चालन गर्दा 'एकीकृत श्रम तथा रोजगार सेवा (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०८०' बमोजिम गर्न सक्नेछन्।

## (घ) सीप विकास तालिम, उद्यमशीलता र रोजगारी उपलब्ध गराउने सम्बन्धमा

(१) ब.उ.शि.नं. ३७१००१०२ अन्तर्गत नेपाल सरकारको श्रोत परिचालन गरी रोजगार आयोजना सञ्चालन गर्दा राष्ट्रिय रोजगार प्रवर्द्धन कार्यक्रम (सञ्चालन तथा व्यवस्थापन) निर्देशिका, २०८२ को दफा २५ बमोजिमको सीप विकास तालिम र दफा २६ बमोजिम श्रम बजारको माग तथा स्थानीय आवश्यकता बमोजिम रैथाने सीप तथा तालिमका कार्यक्रम समेत सञ्चालन गर्न सकिनेछ यसरी सञ्चालन गरिने सीप तथा तालिम दिगो रोजगारी सिर्जना गर्ने क्षेत्रमा केन्द्रित हुनुपर्नेछ साथै रोजगार, सीप तथा उद्यमशीलता सम्बन्धी एकीकृत सेवा प्रवाह कार्यविधि,२०८३ को दफा ३० बमोजिमको उद्यमशीलता विकास तालिम सञ्चालन गर्नु पर्नेछ। संघ, प्रदेश र स्थानीय तहले वार्षिक रुपमा हुने नियमित योजना तर्जुमा प्रक्रियाबाट स्वीकृत भएका

सीप विकास तालिम सम्बन्धी कार्यक्रमहरु सहकार्य र साझेदारीमा सञ्चालन गर्न सक्नेछन्।

(२) रोजगारी सिर्जनाको लागि छनौट गरिएका आयोजनाहरूमा प्राथमिकता दिई वार्षिक वजेट तथा कार्यक्रम कार्यान्यवन मार्फत रोजगारी सिर्जना गर्नु पर्नेछ। साथै तोकिएको न्यूनतम ज्यालादर अनुसार एक सय दिनको रोजगारी उपलव्ध गराउन पुग्ने बेरोजगार संख्यालाई रोजगारी उपलव्ध गराउनुपर्नेछ।

(३) सूचीकृत बेरोजगार व्यक्तिले आयोजनामा काम गर्न इन्कार गरेमा वा अनुसूची १ मा उल्लिखित श्रमिक अनुशासनको पालना नगरेमा सम्बन्धित आयोजनाको टोली प्रमुखले रोजगार सेवा केन्द्रमा लेखी पठाउनु पर्नेछ। सोही आधारमा सम्बन्धित रोजगार सेवा केन्द्रले निजलाई बेरोजगार व्यक्तिको सूचीबाट हटाउनु पर्नेछ। सूचीकृत बेरोजगार व्यक्ति काममा खटाइनु पूर्व वा खटाइसकेपछि निज अन्यत्र रोजगारीका लागि गएमा निजले रोजगार सेवा केन्द्रमा सोको जानकारी गराउनु पर्नेछ र सोही आधारमा रोजगार सेवा केन्द्रले निजलाई बेरोजगार व्यक्तिको सूचीबाट हटाउनु पर्नेछ।

(४) वित्तीय हस्तान्तरण भई प्राप्त भएको रकमबाट रोजगार आयोजना, सीप तालिम तथा उद्यमशीलता सम्वद्ध कार्यक्रममा श्रमिकको परिचालन तथा सहभागिता गराउँदा गाउँ/नगर कार्यपालिकाको निर्णयानुसार रोजगार व्यवस्थापन सूचना प्रणालीमा प्रविष्ट भए बमोजिम प्राथमिकताक्रम निर्धारण भएका व्यक्तिहरुलाई खटाउनु पर्नेछ। स्थानीय तहबाट साझेदारी भएको रकमबाट संयुक्त रुपमा आयोजना तथा कार्यक्रम सञ्चालन गर्दा सूचीकृत बेरोजगारलाई प्राथमिकता दिनुपर्नेछ। पालिकामा सूचीकृत बेरोजगार नभएका तथा आयोजना/ कार्यक्रम संचालनको लागि संख्या अपर्याप्त भएमा पालिकाबाट निर्णय गराई अन्य नागरिकलाई समेत सहभागी गराउन सकिनेछ। यसरी सहभागी गराइएका नागरिकको विवरण रोजगार व्यवस्थापन सूचना प्रणाली (EMIS) मा अद्यावधिक गर्नुपर्नेछ।

(५) वैदिशिक रोजगारीबाट फर्किएका व्यक्तिहरुको पूँजी र सीपलाई परिचालन र स्तरीकरणमा सहयोग गरी उद्यमशीलता र स्वरोजगार बनाउन निर्देशिकाको दफा २४ बमोजिम कार्यक्रम सञ्चालन गर्नुपर्नेछ।

सचिव

## (ङ) बजेट खर्च, लेखांकन, लेखापरीक्षण र प्रतिवेदन

(१) बजेट खर्च र लेखाकंन नेपाल सरकारबाट स्वीकृत प्रचलित आर्थिक प्रशासन सम्बन्धी कानून बमोजिम गर्नु पर्नेछ। स्थानीय तहबाट भएको बजेट खर्चको सम्बन्धमा स्थानीय तहबाट नै प्रचलित कानून बमोजिम आन्तरिक र अन्तिम लेखापरिक्षण गराउनुपर्नेछ।

(२) बजेट परिचालन गर्दा 'राष्ट्रिय रोजगार प्रवर्द्धन कार्यक्रम (सञ्चालन तथा व्यवस्थापन) निर्देशिका, २०८२ र रोजगार, सीप तथा उद्यमशीलता सम्बन्धी एकीकृत सेवा प्रवाह कार्यविधि, २०८३ ले तोके बमोजिमको क्षेत्रमा श्रोतगत बजेट सीमाभित्र रही खर्च गर्नु पर्नेछ।

(३) स्थानीय तहलाई मन्त्रालयस्तरीय बजेट सूचना प्रणाली (LMBIS) मार्फत हस्तान्तरण भएको सशर्त अनुदानको श्रोत खुलाई स्थानीय संचित कोष व्यवस्थापन प्रणाली (SuTRA) मा प्रविष्टि गर्नु पर्नेछ। अनुदानको विवरण रोजगार सेवा केन्द्रले रोजगार व्यवस्थापन सूचना प्रणाली (EMIS) मा समेत अद्यावधिक गर्नु पर्नेछ।

(४) स्थानीय तहले खर्चको लेखाङ्कन तथा भुक्तानी गर्दा SuTRA प्रणालीको प्रयोग गर्नु पर्नेछ। रोजगार सेवा केन्द्रको खर्चको भुक्तानीको विवरण EMIS मा मासिक रुपमा अद्यावधिक गर्नु पर्नेछ।

(५) उत्पादन र उद्यमशीलता मार्फत रोजगारी सिर्जना तथा न्यूनतम रोजगारी प्रत्याभूति, सीप विकास, उद्यमशीलता प्रवर्द्धन र पुनःएकीकरण सम्बन्धी क्रियाकलाप सञ्चालन (स्थानीय तहको शत् प्रतिशत साझेदारी अनिवार्य) अन्तर्गत विनियोजन भएको बजेट कृषि उत्पादन, उद्यमशीलता प्रवर्द्धन र सीप विकास सम्बद्ध आयोजनामा खटिएका श्रमिकको ज्याला रकम र कार्यक्रममा मात्रै खर्च गर्नु पर्नेछ। स्थानीय तहले गर्नुपर्ने शतप्रतिशत साझेदारी अन्तर्गत स्थानीय तहको निर्णयानुसार वस्तु, सेवा तथा सामग्री लगायतका क्षेत्रमा खर्च गर्न सक्नेछन्।

(६) श्रमिकको काम वापतको पारिश्रमिक निर्धारण गर्दा नेपाल सरकारले तोकेको न्यूनतम पारिश्रमिक नघट्ने गरी तथा स्थानीय तहमा कायम भएको अदक्ष कामदारको ज्याला दररेट नबढ्ने गरी निर्धारण गर्नुपर्नेछ। रोजगारी उपलब्ध गराउने आयोजना वा कार्यक्रम प्रमुखले उपलब्ध गराएको रोजगारीको दिनको आधारमा मासिक रुपमा पारिश्रमिक भुक्तानी गर्नु पर्नेछ।

(७) उल्लिखित कार्यका अतिरिक्त स्थानीय रोजगार रणनीतिमा उल्लिखित आन्तरिक रोजगारी प्रवर्द्धन अभियान सम्बन्धी कार्यक्रम सञ्चालन गरी खर्च गर्न सक्नेछन्।

(८) श्रमिकको काम बापतको पारिश्रमिक भुक्तानी गर्दा **राष्ट्रिय रोजगार प्रवर्द्धन कार्यक्रम (सञ्चालन तथा व्यवस्थापन) निर्देशिका, २०८२ दफा २१** बमोजिम बैङ्क खाता मार्फत गर्नु पर्नेछ।

(९) आर्थिक वर्ष २०८३/०८४ का लागि स्थानीय तहलाई उपलव्ध गराइएको सशर्त अनुदान रकम खर्च नभई बाँकी रहन गएमा अनुदान रकमको विवरण उल्लेख गरी २०८४ आषाढ २५ गते भित्र सम्बन्धित जिल्ला कोष तथा लेखा नियन्त्रक कार्यालय मार्फत सङ्घीय सञ्चित कोषमा दाखिला गर्ने र सो को जानकारी मन्त्रालयलाई उपलव्ध गराउनु पर्नेछ।

(१०) श्रमको सम्मान राष्ट्रको अभियान अन्तर्गतको बजेट स्थानीय तहको प्राथमिकता तथा 'श्रमको सम्मान राष्ट्रको अभियान सञ्चालन सम्बन्धी रणनीति, २०७८' ले तोकेका क्षेत्रमा अभियान सञ्चालन गर्न नियमानुसार खर्च गर्नुपर्नेछ।

(११) रोजगार संयोजकको सेवा सुविधा सम्वन्धमा रोजगार संयोजकको पदपूर्ति तथा सेवा सुविधा मापदण्ड, २०७६ को दफा १८ को उपदफा ३ बमोजिम स्थानीय तहले थप सुविधाहरु प्रदान गर्न सक्नेछन्।

(१२) बजेट उपशिर्षक नं. ३७१००१०२ अन्तर्गत नेपाल सरकारको सशर्त अनुदान तर्फबाट राष्ट्रिय रोजगार प्रवर्द्धन कार्यक्रम अन्तर्गतका क्रियाकलापहरु।

| बजेट उपशीर्षक/ कार्यक्रमको नाम | क्रियाकलाप संकेत नं. | क्रियाकलापको नाम | खर्चका शर्त/क्षेत्रहरु |
|---|---|---|---|
| ३७१००१०२ राष्ट्रिय रोजगार प्रवर्द्धन कार्यक्रम श्रोत: नेपाल सरकार | २.५.७.५ | रोजगार संयोजकको तलव | रोजगार सेवा केन्द्रमा रोजगार संयोजकको तलब, चाडपर्व खर्च तथा पोशाक भत्तामा खर्च गर्ने। |
| | २.५.७.७ | रोजगार संयोजकको पोशाक | |
| | २.६.४.३६५ | डिजिटल श्रम तथा रोजगार सेवा सम्बन्धी सरोकारवाला अभिमुखीकरण एवं प्रवर्द्धन कार्यक्रम | डिजिटल श्रम तथा रोजगार सेवा सम्बन्धमा स्थानीय तहका जनप्रतिनिधि तथा कर्मचारी, सम्बन्धित स्थानीय तहका रोजगारदाता/निजी क्षेत्र, बेरोजगार/ सेवाग्राही नागरिक, बैंक |

नेपाल सरकार
युवा, श्रम तथा रोजगार मन्त्रालय
सिंहदरबार, काठमाडौं

| | | | |
|---|---|---|---|
| | | | तथा वित्तीय संस्था लगायतका सरोकारवालासँग छलफल, अभिमुखीकरण तथा अन्तरक्रिया कार्यक्रम सञ्चालन |
| | २.६.४.३६५ | उत्पादन र उद्यमशीलता मार्फत रोजगारी सिर्जना तथा न्यूनतम रोजगारी प्रत्याभूति, सीप विकास, उद्यमशीलता प्रवर्द्धन र पुनःएकीकरण सम्बन्धी क्रियाकलाप सञ्चालन (स्थानीय तहको शत् प्रतिशत साझेदारी अनिवार्य) | यसै मार्गदर्शनको खण्ड (ङ) को बुँदा नं. (५) बमोजिम कार्यान्वयन गर्ने। |
| | २.७.२५.११०८ | रोजगार सेवा सञ्चालन खर्च (मसलन्द, अनुगमन/इन्धन, रोजगारीमा खटिनुपूर्व अभिमूखीकरण, अन्य विविध खर्च) | चालु खर्च संकेत तथा वर्गीकरण र व्याख्या खण्डको २२३११ बमोजिमको मसलन्द, नियमानुसार सवारी साधनको इन्धन, आयोजनाको अनुगमन र मन्त्रालयको फोकल शाखाबाट आयोजना गरिएका कार्यक्रमको भ्रमण खर्च (पत्रको आधारमा), आयोजना तथा कार्यक्रममा खटिनुपूर्व अभिमूखीकरणमा खर्च गर्ने। |
| | २.७.२५.११३ | श्रमको सम्मान राष्ट्रको अभियान सम्बन्धी क्रियाकलाप सञ्चालन | यसै मार्गदर्शनको खण्ड (ङ) को बुँदा नं. (१०) बमोजिम कार्यान्वयन गर्ने। |
| | २.७.२५.१९९४ | रोजगारी सिर्जना एवं प्रवर्द्धन सम्बन्धी सरोकारवालासँग रणनीतिक संवाद तथा छलफल कार्यक्रम | राष्ट्रिय रोजगार प्रवर्द्धन कार्यक्रम (सञ्चालन तथा व्यवस्थापन) निर्देशिका, २०८२, रोजगार सीप तथा उद्यमशीलता सम्बन्धी एकीकृत सेवा प्रवाह कार्यविधि,२०८३ र स्थानीय रोजगार रणनीतिमा उल्लिखित रोजगारी सिर्जना एवं प्रवर्द्धन सम्बन्धी कार्यक्रम सञ्चालन गर्ने। |

सचिव

नेपाल सरकार
युवा, श्रम तथा रोजगार मन्त्रालय
सिंहदरबार, काठमाडौं

## अनुसूची १

### श्रमिक अनुशासन

आयोजनामा काम गर्दा प्रत्येक श्रमिकले देहाय अनुसारको आचरणको अनिवार्य रुपमा पालना गर्नुपर्नेछः-

(क) समयको पालना गर्ने,

(ख) समूहमा मिलेर काम गर्ने,

(ग) सुपरिवेक्षकको निर्देशन बमोजिम कार्य गर्ने,

(घ) असल आचरण र अनुशासन कायम गर्ने,

(ङ) कार्यस्थलमा आयोजनाले उपलब्ध गराएका सुरक्षा सामग्रीहरु लगाउने,

(च) आयोजना स्थलमा खटिएको प्राविधिकले दिएको निर्देशन बमोजिम कार्यस्थल सुरक्षाका उपायहरुको अवलम्वन गर्ने,

(छ) कार्यस्थलमा सहकर्मीसँग वा अन्य कुनै व्यक्तिसँग झैझगडा नगर्ने/नगराउने,

(ज) कार्यस्थलमा साम्प्रदायिक सद्भाव बिथोलिने खालका कुनै व्यवहार नगर्ने/नगराउने,

(झ) कार्यस्थलमा लैंगिक, जातीय, क्षेत्रीय, धार्मिक, सांस्कृतिक तथा यौनजन्य हिंसा र विभेद नगर्ने/नगराउने,

(ञ) श्रमको सम्मान र असल श्रम संस्कृतिको विकासमा टेवा पुर्याउने।

सचिव